# प्रेस विज्ञप्ति

## एशियन हाइड्रोपावर लिमिटेडले स्थानीयवासीका लागि निष्काशन गरेको आईपीओमा आवेदन दिने आज अन्तिम दिन

मिति:२०७९/०९/१९,

यस एशियन हाइड्रोपावर लिमिटेडले आयोजना प्रभावित स्थानीय वासिन्दाहरुका लागि सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला गरेको साधारण शेयर (आईपीओ) मा आवेदन दिने समय आज मिति २०७९ पौष १९ गते अन्तिम दिन रहेको छ। आज बैंकिङ्ग समय पश्चात् आईपीओमा आवेदन दिने अवधि बन्द हुनेछ।

कम्पनीले आयोजना प्रभावित स्थानीय वासिन्दाहरुका लागि मिति २०७९ मंसिर २७ गते देखि २०७९ पौष १२ गतेसम्म आवेदन दिन सकिने गरी निष्काशन गरेको आईपीओमा आवेदन दिने समय २०७९ पौष १९ गतेसम्मका लागि थप गरिएको थियो। त्यसैगरी, मिति २०७९ मंसिर २७ गते देखि नै वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला गरेको आईपीओमा आवेदन दिने समयावधि भने मिति २०७९ पौष १२ गते (बैंकिङ्ग समय पश्चात्) देखि बन्द गरिएको थियो।

कम्पनीले पहिलो चरणमा आयोजना प्रभावित स्थानीय वासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि आईपीओ निष्काशन गरेकोमा सो आईपीओको बाँडफाँट सम्पन्न गरेपश्चात् कर्मचारी तथा सर्वसाधारणका लागि आईपीओ निष्काशन तथा बिक्री खुल्ला गर्नेछ।

कम्पनीद्वारा इलाम जिल्लामा निर्माण सम्पन्न भएको ६.२ मे.वा क्षमताको तल्लो जोगमाई खोला जलविद्युत आयोजनाले मिति २०७८ कार्त्तिक १५ गतेदेखि व्यापारिक उत्पादन समेत आरम्भ गरिसकेको छ।

कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा एनएमबि क्यापिटल लिमिटेड रहेको छ।

एशियन हाइड्रोपावर उर्जा डेभलपर्स प्रा.लि को सम्बद्ध संस्था हो। उर्जा डेभलपर्स र यससँग सम्बन्धित कम्पनीहरुले सन् २०३० सम्ममा कुल १००० मेगावाट क्षमताका विद्युत आयोजनाहरु विकास गर्ने लक्ष्य लिएको छ।